कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ३६१०८२
दर्ता मिति: २०८२।०५।१६

स्वीकृत मिति: २०८३।०५।१५

# श्रम संसार प्रणाली (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना: आन्तरिक रोजगारीको प्रवर्धन र व्यवस्थापन तथा वैदेशिक रोजगारीको व्यवस्थापन गर्न रोजगारदाता, रोजगार खोजकर्ता, तालिम प्रदायक र सेवा प्रदायकबीच सहजीकरण गर्ने उद्देश्यले डिजिटल प्रणाली मार्फत सूचना, अवसर, सेवा प्रदान र रोजगारी सिफारिस तथा मिलान (Job Referral and Matching) का लागि सञ्चालनमा रहेको श्रम संसार प्रणाली (www.shramsansar.gov.np) लाई थप व्यवस्थित र सुरक्षित गर्न वाञ्छनीय भएकोले,

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "श्रम संसार प्रणाली (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मन्त्रालय" भन्नाले युवा, श्रम तथा रोजगार मन्त्रालय सम्झनुपर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित युवा, श्रम तथा रोजगार सम्बद्ध अधिकारक्षेत्र प्राप्त मन्त्रालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ। सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ।

(घ) "प्रणाली" भन्नाले रोजगारदाता, रोजगार खोजकर्ता, तालिम प्रदायक र सेवा प्रदायकबीच सहजीकरण गर्ने उद्देश्यले सञ्चालनमा रहेको श्रम संसार प्रणाली (www.shramsansar.gov.np) लाई सम्झनुपर्छ।

(ङ) "प्रयोगकर्ता" भन्नाले प्रणालीमा दर्ता भई Username/ID र Password प्राप्त गरेका तीनै तहका सरकारी निकायहरू तथा रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक, निजी तथा गैरसरकारी संस्था, रोजगार खोजकर्ता वा अन्य सरोकारवाला निकाय सम्झनुपर्छ।

(च) "खाता" भन्नाले प्रणाली मार्फत प्रयोगकर्ताले प्राप्त गरेको Username/ID र Password लाई जनाउँछ।

(छ) "रोजगारदाता" भन्नाले प्रणालीमार्फत जनशक्ति माग गर्ने सरकारी, गैरसरकारी वा निजी व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ज) "तालिम प्रदायक" भन्नाले प्रणालीमार्फत तालिम सम्बन्धी सूचना प्रकाशित गरी तालिम प्रदान गर्ने स्वदेशी वा विदेशी संस्था सम्झनुपर्छ।

(झ) "सेवा प्रदायक" भन्नाले प्रणालीमार्फत रोजगारी वा श्रम बजारसँग सम्बन्धित सेवा सेवा प्रदान गर्ने स्वदेशी वा विदेशी संस्था सम्झनुपर्छ।

(ञ) "रोजगार खोजकर्ता" भन्नाले प्रणालीमा आफ्नो व्यक्तिगत विवरण दर्ता गरी रोजगारी, तालिम वा रोजगार सेवासम्बन्धी अवसरको खोजी गर्ने व्यक्ति सम्झनुपर्छ।

मा. रामजी यादव
मन्त्री

## परिच्छेद - २
## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहायबमोजिम रहेका छन्:-

(१) रोजगारदाता र रोजगार खोजकर्ताबीच प्रत्यक्ष तथा भरपर्दो प्रणालीगत सम्पर्क संयन्त्र स्थापित गर्नु;

(२) आन्तरिक रोजगारीको प्रवर्धन र व्यवस्थापन तथा वैदेशिक रोजगारीको व्यवस्थापनमा तीनै तहका सरकारी निकायहरू, रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक, निजी तथा गैरसरकारी संस्था, रोजगार खोजकर्ता वा अन्य सरोकारवाला निकायको समन्वयात्मक भूमिका प्रवर्धन गर्नु;

(३) रोजगारीसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्नु र नीति निर्माण तथा योजना कार्यान्वयनका लागि आधार तयार गर्नु;

(४) रोजगारी खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक र सेवा प्रदायकको Integrated Digital Platform निर्माण गरी Job Matching गर्नु;

(५) सीप, योग्यता, अनुभव तथा रोजगार बजारको मागबीचको अन्तर पहिचान गरी सीप विकास तथा रोजगारी नीतिका लागि प्रमाणमा आधारित सूचना उपलब्ध गराउनु;

(६) प्रमाणित सीप तथा योग्यतालाई रोजगार अवसरसँग जोड्न सीप पासपोर्ट तथा सम्बन्धित डिजिटल प्रणालीसँग अन्तरआबद्धता गर्नु;

(७) रोजगार खोजकर्ताको दर्तादेखि शिक्षा, सीप, तालिम, प्रमाणपत्र, अनुभवसम्बन्धी एकीकृत डिजिटल प्रोफाइल तयार गरी रोजगार मिलान, रोजगारी प्राप्ति तथा रोजगारी इतिहाससम्मको डिजिटल रोजगार यात्रा व्यवस्थापन गर्नु।

## परिच्छेद - ३
## प्रयोगकर्ता वर्गीकरण र पहुँच तथा जिम्मेवारी

४. प्रयोगकर्ताको वर्गीकरणः प्रणालीमा देहायबमोजिमका प्रयोगकर्ता वर्ग रहनेछन्:-

(क) संघीय मन्त्रालयहरू/निकायहरू,

(ख) प्रदेश सरकार (सम्बन्धित मन्त्रालयहरू/निकायहरू),

(ग) स्थानीय तह (गाउँपालिका/नगरपालिका),

(घ) रोजगारदाता,

(ङ) रोजगार खोजकर्ता,

(च) निजी क्षेत्र (वैदेशिक रोजगार व्यवसायी, निजी रोजगार सेवा प्रदायक, तालिम प्रदायक संस्था),

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था,

(ज) अन्य सरोकारवाला निकाय (शैक्षिक निकाय, वित्तीय संस्था, विकास साझेदार, आदि)।

५. पहुँच तथा जिम्मेवारीः (१) प्रणालीमा देहायबमोजिमका प्रयोगकर्ता, निकाय र पहुँच तथा जिम्मेवारी रहनेछ:-

| प्रयोगकर्ता | निकाय | पहुँच तथा जिम्मेवारी |
|---|---|---|
| सुपर एडमिन | युवा, श्रम तथा रोजगार मन्त्रालयको सम्बन्धित महाशाखा। | सम्पूर्ण प्रणाली व्यवस्थापन तथा सञ्चालन। |
| एडमिन | संघीय मन्त्रालय/निकाय, प्रदेश मन्त्रालय/निकाय र स्थानीय तह। | आ-आफ्नो क्षेत्राधिकार भित्रको तथ्याङ्क अद्यावधिक, सूचना प्रविष्टि र प्रतिवेदन। |

| प्रयोगकर्ता | निकाय | पहुँच तथा जिम्मेवारी |
|---|---|---|
| जेनेरल युजर | रोजगारी खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक र सेवा प्रदायक। | अनिवार्य प्रोफाइल निर्माण र सुरक्षा, यथार्थ विवरणको प्रविष्टि, सूचना प्रकाशन, प्रतिबेदन, सूचनाबमोजिम आवेदन दिने। |

(२) उपदफा (१) बमोजिमका प्रयोगकर्तालाई मन्त्रालयले सम्बन्धित शाखाको नेतृत्वमा जेनेरल युजर र एडमिनको रूपमा तोक्नेछ भने सुपर एडमिन मन्त्रालयको सम्बन्धित महाशाखामा रहनेछ।

(३) मन्त्रालयको निर्णयबमोजिम सुपर एडमिनले उपदफा (२) बमोजिमका जेनेरल युजर र एडमिनलाई प्राप्त अधिकारका अतिरिक्त थप अधिकार समेत प्रदान गर्न सक्नेछ।

## परिच्छेद - ४
## प्रयोगकर्ता दर्ता तथा खाता व्यवस्थापन

६. दर्ता प्रक्रियाः

(१) संघीय मन्त्रालय/निकायको खाताको हकमा सम्बन्धित मन्त्रालय/निकायले प्रणालीबाट आधिकारिक इमेल र मोबाइल नम्बर उल्लेख गरी अनलाइन आवेदन दिनु पर्नेछ। अनलाइन आवेदनलाई आधार मानी सुपर एडमिनको सुपरिवेक्षणमा सोही दिन खाता सिर्जना गर्नुपर्नेछ।

(२) प्रदेश मन्त्रालय/निकायको खाताको हकमा सम्बन्धित मन्त्रालय/निकायले प्रणालीबाट आधिकारिक इमेल र मोबाइल नम्बर उल्लेख गरी अनलाइन आवेदन दिनु पर्नेछ। अनलाइन आवेदनलाई आधार मानी सुपर एडमिनको सुपरिवेक्षणमा सोही दिन खाता सिर्जना गर्नुपर्नेछ।

(३) स्थानीय तहको खाताको हकमा सम्बन्धित निकायले प्रणालीबाट आधिकारिक इमेल र मोबाइल नम्बर उल्लेख गरी अनलाइन आवेदन दिनु पर्नेछ। अनलाइन आवेदनलाई आधार मानी सुपर एडमिनको सुपरिवेक्षणमा सोही दिन खाता सिर्जना गर्नुपर्नेछ।

(४) रोजगार खोजकर्ताले खाता निर्माणका लागि प्रणालीमा राष्ट्रिय परिचयपत्र नम्बर वा राहदानी नम्बर उल्लेख गरी अनलाइन आवेदन दिनु पर्नेछ। निजको खाता प्रणालीबाट तत्काल सिर्जना हुनेछ।

(५) रोजगारदाता, तालिम प्रदायक र सेवा प्रदायकले खाता निर्माणका लागि प्रणालीमा पान नम्बर तथा आवश्यक परेमा दर्ता प्रमाण-पत्र वा इजाजत-पत्रका आधारमा अनलाइन आवेदन दिनु पर्नेछ। निजको खाता प्रणालीबाट तत्काल सिर्जना हुनेछ।

(६) एउटै व्यक्ति वा संस्थाको दोहोरो खाता सिर्जना हुन नदिन प्रणालीमा Duplicate Detection and Rejection को व्यवस्था गर्न सकिनेछ।

(७) सरकारी वा अधिकृत डिजिटल प्रणालीसँग अन्तरआबद्धता उपलब्ध भएको अवस्थामा प्रचलित कानून तथा स्वीकृत प्रक्रियाबमोजिम आवश्यक विवरण प्रमाणीकरण वा अद्यावधिक गर्न सकिनेछ।

७. खाता व्यवस्थापनः

(१) एडमिन प्रयोगकर्तालाई एक अद्वितीय (Unique) Username/ID र प्रणालीले स्वतः सिर्जना गरेको OTP (One Time Password) प्रयोगकर्ताको इमेल वा मोबाइलमार्फत प्राप्त हुनेछ।

(२) जेनेरल युजरले न्यूनतम ८(आठ) अक्षरहरू (ठूला-साना अक्षर, अंक र विशेष चिन्ह समावेश भएको) को सुरक्षित पासवर्ड पुनः यकिन प्रविष्टि गरी सिर्जना गर्न सक्नेछ।

(३) एडमिन प्रयोगकर्ताले पहिलो लगइनमै अनिवार्य रूपमा आफ्नो पासवर्ड परिवर्तन गर्नुपर्नेछ।

८. <u>अभिलेख तथा निगरानी</u>ः (१) प्रत्येक खाताको लगइन लगआउट समय, IP ठेगाना र गतिविधि विवरण (Activity Log) प्रणालीमा स्वतः अभिलेखीकरण हुनेछ। सुपर एडमिन र एडमिनले नियमित रूपमा असामान्य गतिविधि पहिचान गरेमा प्रयोगकर्तालाई सचेत गराउन विभिन्न तहका समन्वय समितिलाई सूचित गर्नेछ।

(२) Activity Log मा अनधिकृत हेरफेर हुन नदिने व्यवस्था गरिनेछ।

## परिच्छेद - ५
## प्रमुख सेवा तथा रिक्त पद सम्बन्धी व्यवस्था

९. <u>प्रणालीका प्रमुख सेवा</u>ः प्रणालीमा देहायका सेवा सञ्चालन गर्न सकिनेछः-

(क) रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक तथा रोजगार खोजकर्ता प्रोफाइल व्यवस्थापन;

(ख) रिक्त पद तथा रोजगार अवसर प्रकाशन, खोजी तथा आवेदन;

(ग) रोजगार मिलान (Job Matching) तथा रोजगार सिफारिस (Job Referral);

(घ) सीप, योग्यता, तालिम, प्रमाणपत्र तथा अनुभवसम्बन्धी विवरण अभिलेख;

(ङ) तालिम तथा सेवा प्रदायकको सूची, सेवा विवरण तथा उपलब्धता;

(च) रोजगार परिणामको अभिलेख;

(छ) रोजगार तथा श्रम बजारसम्बन्धी Digital Dashboard तथा प्रतिवेदन;

(ज) गुनासो तथा सहायता सेवा;

(झ) सम्बन्धित सरकारी प्रणालीसँग सुरक्षित डिजिटल अन्तरआबद्धता।

१०. <u>रिक्त पद व्यवस्थापन</u>ः (१) रोजगारदाताले रिक्त पद प्रकाशन गर्दा पदनाम, कार्यस्थल, आवश्यक योग्यता, सीप, अनुभव, पारिश्रमिक/सुविधा, आवेदन अवधि, सम्झौता अवधि, कार्य दिन (हप्तामा), कार्य घण्टा (दैनिक वा हप्तामा) तथा अन्य आवश्यक विवरण खुलाउनुपर्नेछ।

(२) रिक्त पदको आवेदन अवधि समाप्त भएपछि प्रणालीले उक्त सूचना स्वतः निष्क्रिय गर्न वा रोजगारदातालाई अद्यावधिक गर्न सूचना दिन सक्नेछ।

(३) पदपूर्ति भएको, रद्द भएको वा आवेदन बन्द भएको जानकारी रोजगारदाताले प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

(४) झुटा, भ्रामक वा ठगीजन्य प्रकृतिका रिक्त पद पहिचान गर्न Automated Screening तथा Risk Flagging प्रयोग गर्न सकिनेछ।

## परिच्छेद - ६
## जिम्मेवारी

११. <u>मन्त्रालयको जिम्मेवारी</u>ः

(१) प्रणालीको स्वामित्व (सोर्स कोड सहित), व्यवस्थापन र सुरक्षा कायम गर्ने;

(२) प्रणालीको स्तरोन्नति तथा आवश्यकतानुसार अन्य प्रणाली एकीकरण गर्ने;

(३) प्रणालीसँग सम्बन्धित सर्भर, डाटाबेस, लाइसेन्स र डाटाको सुरक्षा व्यवस्थापन गर्ने;

(४) प्रयोगकर्ताको खाता स्वीकृति र क्षमता विकास गर्ने;

(५) वार्षिक साइबर सुरक्षा परीक्षण गराई सोको प्रतिवेदन कार्यान्वयन गर्ने;

(६) प्रयोगकर्ताको व्यक्तिगत विवरणको गोपनीयता कायम गर्ने;

(७) प्रणालीको कार्यसम्पादन र सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा प्रणाली सञ्चालन र व्यवस्थापनका लागि आवश्यक निर्देशन दिने;

(८) अन्तर मन्त्रालय, अन्तरतह, विभिन्न सरोकारवाला संस्था र निकायहरूसँग समन्वय स्थापित गर्ने;

(९) Business Continuity Plan तथा Disaster Recovery Plan तयार गरी आवश्यकताअनुसार परीक्षण गर्न गराउन सक्ने;

(१०) Data Governance, Data Retention तथा Data Sharing सम्बन्धी मार्गदर्शन स्वीकृत गरी लागू गर्न सक्ने;

(११) प्रणालीको कार्यसम्पादन मापन गर्न सूचक तथा Dashboard विकास गर्ने।

१२. प्रदेश मन्त्रालयको जिम्मेवारी:

(१) प्रदेशस्तरीय रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक र रोजगार खोजकर्ताको विवरण प्रणालीमार्फत संकलन र प्रविष्टि गर्ने;

(२) स्थानीय तहलाई खाता व्यवस्थापन र प्रयोगमा प्राविधिक सहयोग एवम् क्षमता विकास गर्ने;

(३) प्रदेशभित्रका प्रयोगकर्ता खाताको वैधता र दुरुपयोग नियन्त्रणमा सहजीकरण गर्ने;

(४) प्रदेशस्तरीय रोजगार तथा सीपसम्बन्धी तथ्याङ्कको गुणस्तर अनुगमन गर्ने।

१३. स्थानीय तहको जिम्मेवारी:

(१) स्थानीय तहको क्षेत्रभित्रका रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक र रोजगार खोजकर्ताको दर्ता तथा विवरण अद्यावधिक गर्न सहयोग गर्ने;

(२) आफ्नो अधिकार क्षेत्रभित्रका प्रयोगकर्ता खातासम्बन्धी प्रारम्भिक गुनासो तथा सहायता व्यवस्थापन गर्ने;

(३) प्रणाली प्रयोगका लागि स्थानीय स्तरमा सचेतना र सहजीकरण गर्ने;

(४) स्थानीय रोजगार तथा सीपसम्बन्धी तथ्याङ्कको शुद्धता कायम गर्न सहजीकरण गर्ने।

१४. अन्य प्रयोगकर्ताको जिम्मेवारी:

(१) आधिकारिक सूचनाका आधारमा प्रोफाइल निर्माण गर्ने;

(२) सूचना प्रकाशन र आफूसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने;

(३) खाताको सुरक्षा र गोपनीयता कायम गर्ने।

## परिच्छेद - ७

## एकीकृत रोजगार सेवा तथा श्रम बजार सूचना

१५. एकीकृत राष्ट्रिय रोजगार तथा श्रम बजार सूचना प्रणाली: (१) प्रणालीलाई रोजगार खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक तथा सम्बन्धित सरकारी निकायको आवश्यक विवरणलाई एकीकृत गरी राष्ट्रिय रोजगार तथा श्रम बजारसम्बन्धी सूचना उपलब्ध गराउने प्रणालीका रूपमा सञ्चालन गरिनेछ।

(२) प्रणालीमा उपलब्ध विवरणलाई प्रचलित कानून, स्वीकृत मापदण्ड तथा आवश्यकताअनुसार अद्यावधिक गरिनेछ।

(३) प्रणालीले श्रम बजारमा देखिएका रोजगार माग, जनशक्ति आपूर्ति तथा सीप अन्तरसम्बन्धी सूचना र जानकारी उपलब्ध गराउनेछ।

१६. एकीकृत श्रमिक प्रोफाइल: (१) रोजगार खोजकर्ताको पहिचान, शिक्षा, सीप, तालिम, प्रमाणपत्र, कार्यअनुभव, रोजगारी इतिहास, स्थान तथा रोजगारीसम्बन्धी प्राथमिकताको विवरणलाई आवश्यकताअनुसार एकीकृत श्रमिक प्रोफाइलमा राख्न सकिनेछ।

(२) सम्बन्धित सरकारी वा अधिकृत प्रणालीसँग अन्तरआबद्धता उपलब्ध भएको अवस्थामा प्रचलित कानून तथा आवश्यक स्वीकृतिबमोजिम विवरण प्रमाणीकरण वा अद्यावधिक गर्न सकिनेछ।

(३) एकीकृत श्रमिक प्रोफाइलको प्रयोग Job Matching, Job Referral, Skill Development तथा Labour Market Analysis का लागि उपयोग गर्न सकिनेछ।

## परिच्छेद - ८
## प्रणाली सुरक्षा व्यवस्था

१७. सूचना प्रविधि सम्बन्धी सुरक्षाः

(१) प्रणालीको सर्भर र डाटाबेस सरकारी डाटा सेन्टरमा रहनेछ र वैकल्पिक ब्याकअप तथा रिकभरीको व्यवस्था गर्नुपर्नेछ।

(२) प्रणालीको साइबर सुरक्षा व्यवस्थापन र परीक्षण गर्नुपर्नेछ।

(३) मन्त्रालयले प्रणालीसँग सम्बन्धित Development, Update, Security Issues लगायतका विषयमा विद्युतीय अपराधको जोखिम पूर्व प्रामाणिक सूचना दिई सजग गराउने व्यक्ति वा संस्थालाई पुरस्कृत वा सम्मान गर्न सक्नेछ।

(४) प्रणालीको सोर्स कोड र प्रणालीको सर्वाधिकार मन्त्रालयमा हुनेछ।

(५) मन्त्रालयले आवश्यकतानुसार प्रणालीको सुरक्षा र स्तरोन्नतिका लागि थप तथा आकस्मिक निर्णय गर्न सक्नेछ।

(६) Security Vulnerability पहिचान भएमा जोखिमअनुसार तत्काल रोकथाम, नियन्त्रण, सुधार तथा पुनर्स्थापना प्रक्रिया लागू गरिनेछ।

१८. व्यक्तिगत तथ्याङ्क संरक्षण र गोपनीयताः (१) प्रचलित कानुनबमोजिम प्रयोगकर्ताको व्यक्तिगत एवम् संस्थागत विवरण तथा निजले उपभोग गरेका सेवा सम्बन्धी विवरण गोप्य राख्नु पर्नेछ।

(२) सम्बन्धित प्रयोगकर्ताको सहमति वा कानुनी आधार वा सम्बन्धित निकायको आदेश बिना व्यक्तिगत तथ्याङ्क तेस्रो पक्षलाई तथ्याङ्क उपलब्ध गराइने छैन।

(३) तथ्याङ्क संकलन, प्रशोधन र भण्डारण गोपनीयता तथा व्यक्तिगत गोपनीयता सम्बन्धी प्रचलित कानुन र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

(४) रोजगार मिलान वा कुनै प्रयोजनका लागि आवश्यक तथ्याङ्क प्रयोग गर्दा रोजगार खोजकर्ताको हित तथा गोपनीयता कायम गर्नुपर्नेछ।

१९. साइबर सुरक्षा सम्बन्धी व्यवस्थाः

(१) प्रणालीमा अनधिकृत पहुँच, डाटा चुहावट वा साइबर आक्रमण भएमा सुपर एडमिन/एडमिनले तत्काल सम्बन्धित निकाय (विभिन्न तहका समन्वय समितिहरू, राष्ट्रिय साइबर सुरक्षा निकाय समेत) लाई सूचित गर्नु पर्नेछ।

(२) प्रणालीमा भएको आक्रमणबाट प्रभावित प्रयोगकर्तालाई सूचित गरी सुपर एडमिन/एडमिनले तत्काल आवश्यक सुधारात्मक कदम चाल्नु पर्नेछ।

(३) प्रत्येक सुरक्षा गतिविधि वा घटनाको अभिलेख राखी आवश्यकतानुसार Post-Incident Review, तत्कालीन तथा वार्षिक सुरक्षा प्रतिवेदनमा समावेश गरिनेछ।

२०. फर्जी दर्ता तथा दुरुपयोग नियन्त्रणः

(१) झुटा विवरण दिई दर्ता गरेको, फर्जी रिक्त पद प्रकाशन गरेको वा ठगीजन्य गतिविधि गरेको पाइएमा सम्बन्धित खाता अस्थायी रूपमा निलम्बन गरी आवश्यक छानबिन गरिनेछ।

(२) दुरुपयोग प्रमाणित भएमा प्रचलित कानुनबमोजिम कारबाहीका लागि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनेछ।

मा. रामजी यादव
मन्त्री

(३) जाली/झुटा रोजगार सूचना पहिचान गर्न प्रणालीमा स्वचालित फिल्टर (Automated Screening), Duplicate Detection तथा Risk Flagging प्रयोग गर्न सकिनेछ।

## परिच्छेद - ९

## समन्वय संयन्त्र तथा गुनासो व्यवस्थापन

२१. संघीय समन्वय समितिः (१) प्रणालीको उद्देश्यअनुसार सञ्चालन, एकीकरण, परिमार्जन तथा गुनासो व्यवस्थापन गर्न आवश्यक समन्वय, सहकार्य गरी समस्याको न्यूनीकरणका लागि मन्त्रालयमा देहायबमोजिमको समन्वय समिति रहनेछः-

(क) महाशाखा प्रमुख, युवा महाशाखा - संयोजक

(ख) उपसचिव (कानून), कानून तथा फैसला कार्यान्वयन शाखा - सदस्य

(ग) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ - सदस्य

(घ) प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र - सदस्य

(ङ) निर्देशक (कम्प्युटर)/उपसचिव, सूचना प्रविधि तथा तथ्यांङ्क शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकतानुसार विषयसँग सम्बन्धित विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा समितिका संयोजकले तोकेको सम्बन्धित विषयका प्रदेश मन्त्रालयका एक जना अधिकृत प्रतिनिधि तथा कुनै एक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समितिको सदस्य सचिवले संयोजकको प्रत्यक्ष निगरानी र निर्देशनमा प्रणालीको मर्म विपरित नहुने गरी प्रणालीको सञ्चालन, परिमार्जन तथा गुनासो व्यवस्थापन गर्न सक्नेछ।

(७) समितिले प्रणालीको कार्यसम्पादन, रोजगार मिलान, रोजगार परिणाम, प्रयोगकर्ता गुनासो, साइबर सुरक्षा, तथ्याङ्क व्यवस्थापन तथा अन्तरआबद्धतासम्बन्धी विषयमा मन्त्रालयलाई सुधारका लागि सिफारिस गर्न सक्नेछ।

२२. प्रदेश समन्वय समितिः प्रणालीको उद्देश्यअनुसार सञ्चालन तथा गुनासो व्यवस्थापन गर्न आवश्यक समन्वय, सहकार्य गरी समस्याको न्यूनीकरणका लागि सम्बन्धित प्रदेश मन्त्रालयले एक समन्वय समिति गठन गर्न सक्नेछ।

२३. स्थानीय तह समन्वय समितिः प्रणालीको उद्देश्यअनुसार सञ्चालन तथा गुनासो व्यवस्थापन गर्न आवश्यक समन्वय, सहकार्य गरी समस्याको न्यूनीकरणका लागि सम्बन्धित स्थानीय तहले एक समन्वय समिति गठन गर्न सक्नेछ।

२४. गुनासो तथा सहायता व्यवस्थापनः (१) प्रणालीमा रोजगारदाता, रोजगार खोजकर्ता, तालिम प्रदायक र सेवा प्रदायकले डिजिटल माध्यमबाट गुनासो वा सहायता अनुरोध दर्ता गर्न सक्ने व्यवस्था गरिनेछ।

(२) गुनासोको प्रकृति, प्राथमिकता तथा अधिकारक्षेत्रका आधारमा सम्बन्धित तह वा समन्वय समिति वा निकायमा स्वतः Forward/Assign गर्न सकिनेछ।

(३) गुनासोको स्थिति प्रयोगकर्ताले हेर्न सक्ने व्यवस्था गर्न सकिनेछ।



मा. रामजी यादव
मन्त्री

(४) मन्त्रालयले आवश्यकताअनुसार गुनासो व्यवस्थापन र प्राप्त सुझाव समेतको आधारमा सेवामा सुधार गर्न सेवा स्तर (Service Level) निर्धारण गर्न सक्नेछ।

## परिच्छेद - १०
## विविध

२५. **समन्वय र मार्गदर्शनः** मन्त्रालयले प्रणाली व्यवस्थापन तथा सञ्चालनको सम्बन्धमा प्रदेश सरकार, स्थानीय तह, रोजगारदाता, तालिम प्रदायक, सेवा प्रदायक, निजी क्षेत्र लगायतका सरोकारवालाहरूसँग समन्वय गरी आवश्यक मार्गदर्शन दिन सक्नेछ।

२६. **अनुगमन तथा प्रतिवेदनः** (१) मन्त्रालयले प्रणालीको प्रयोग, सक्रिय प्रयोगकर्ता, प्रमाणित रोजगारदाता, प्रकाशित रिक्त पद, पदपूर्ति भएका रिक्त पद, आवेदन, रोजगार मिलान, सिफारिस, रोजगार परिणाम, तालिम तथा सेवा प्रयोगसम्बन्धी सूचकको नियमित अनुगमन गर्नेछ।

(२) प्रणालीबाट प्राप्त तथ्याङ्कका आधारमा दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्न सकिनेछ।

(३) तथ्याङ्क सार्वजनिक गर्दा व्यक्तिगत पहिचान खुल्ने विवरण बाहेक आवश्यक Aggregate Data मात्र सार्वजनिक गरिनेछ।

(४) प्रणालीको कार्यसम्पादन तथा सुरक्षा मूल्याङ्कनका आधारमा सुधार योजना तयार गर्न सकिनेछ।

२७. **कर्मचारी वा प्राविधिक टोली खटाउन सकिनेः** मन्त्रालयले प्रणालीको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनको लागि सम्बन्धित क्षेत्रका कर्मचारी वा विशेषज्ञसहितको कर्मचारी टोली गठन गरी खटाउन सक्नेछ।

२८. **स्वयं जिम्मेवार हुने रहनेः** प्रणालीको प्रयोग गरी रोजगार खोजकर्ता तथा रोजगारदाता, तालिम प्रदायक र सेवा प्रदायकबीच भएको सम्झौता उपर दुई पक्ष पूर्ण रूपमा जिम्मेवार हुने रहने छन्। सम्झौता विपरितका अवाञ्छित, अवैधानिक, गैरकानुनी र आपराधिक गतिविधि एवम् कार्यहरू प्रचलित कानुनबमोजिम दण्डनीय हुनेछ।

२९. **मोवाइल एपः** मन्त्रालयले प्रणालीलाई मोवाइल एप, नागरिक एप र अन्य सरकारी प्रणाली वा एपमा अन्तरआबद्धता गर्न सक्नेछ।

३०. **डिजिटल ड्यासबोर्डः** (१) मन्त्रालयले प्रणालीमा आधारित भई आफ्नो कार्यक्षेत्र एवम् श्रम तथा रोजगारीसम्बन्धी एकीकृत तथ्याङ्कका लागि Digital Dashboard निर्माण गर्न सक्नेछ।

(२) Digital Dashboard मा रोजगारी सिर्जना गर्ने संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, विभिन्न आयोग, सार्वजनिक प्रतिष्ठान, विकास आयोजना, निजी क्षेत्र, सहकारी, शैक्षिक संस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई आबद्ध गराइनेछ।

(३) उक्त ड्यासबोर्डमा उपदफा (२) बमोजिमका निकाय वा संस्थाहरूले रोजगारीको विवरण स्वयं प्रविष्ट गर्ने र मन्त्रालयले सो विवरण अद्यावधिक, प्रमाणीकरण, प्रतिवेदन तथा तत्काल सार्वजनिकीकरण (Real Time Data Publish) गर्ने विशेषताहरू समावेश गरिनेछ।

३१. **प्रणाली स्तरोन्नति र सुधारः** (१) मन्त्रालयले आवश्यकतानुसार प्रणालीमा सुधार, परिमार्जन, स्तरोन्नति, एकीकरण र विकास गर्न गराउन सक्नेछ।

(२) मन्त्रालयले आफ्नो कार्यक्षेत्र एवम् श्रम तथा रोजगारीसम्बन्धी कार्यक्रम वा आवश्यकतानुसारका कार्यक्रम स्वीकृत गरी प्रणालीमार्फत सञ्चालन एवम् व्यवस्थापन गर्न गराउन सक्नेछ।



मा. रामजी यादव
मन्त्री

३२. युजर म्यानुयल तथा प्राविधिक मार्गदर्शनः मन्त्रालयले प्रणालीसँग सम्बन्धित युजर म्यानुयल र प्राविधिक मार्गदर्शन तयार गरी लागू गर्न सक्नेछ।

३३. बाधा अड्काउ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयनका क्रममा उत्पन्न हुन आउने बाधा अड्काउ मन्त्रालयले फुकाउनेछ।

३४. बचाउः श्रम संसार प्रणाली व्यवस्थापन तथा सञ्चालन सम्बन्धी यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

३५. संशोधनः मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

मा. रामजी यादव
मन्त्री